# दुल्लू नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन २०७६

सभाबाट स्वीकृत मिति : २०७६-०९-१४

दुल्लू नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख

कर्णाली प्रदेश, नेपाल

प्रस्तावना:

ऐतिहासिक दुल्लू क्षेत्रका बासिन्दाहरुको स्वस्थ्य जीवनयापन गर्न पाउने नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै व्यक्तिको शारिरीक मानसिक तथा सामाजीक विकासका लागी स्वच्छ, स्वस्थ्य एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै आधारभुत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा दुल्लू नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट काननी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० अधिकारहरुलाई र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २३ (भ) र उपदफा ४ को ख मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ कोदफा १०२ बमोजिम दुल्लू नगरको नगरसभाले यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस ऐनलाई दुल्लू नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६ भनिने छ।

(ख) नगर सभावाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा

(क) "ऐन" भन्नाले दुल्लू नगरको स्वास्थ्य तथा सरसफाई ऐन २०७६ लाई सम्फनु पर्छ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्वन्धी संघीय सरकारको "जनस्वास्थ्य सेवा ऐन २०७५"लाई बुझनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले दुल्लू नगरकार्यपालिकालाई सम्फनु पर्छ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्फनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवाको संगसगै नाफाको समेत उद्देश्य राखी संचालन स्वास्थ्य संस्था हुने भनेर सम्फनु पर्दछ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्फनु पर्दछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्फनु पर्दछ।

(ज) "समिति" भन्नाले परिच्छेद २ को दफा ४ को उपदफा १ बमोजिमको दुल्लू नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्फनु पर्छ।

(झ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश र स्थानिय तहवाट सन्चालित स्वास्थ्य संस्था सम्फनु पर्दछ।

(ञ) "प्रादेशिक ऐन" भन्नाले कर्णाली प्रदेश सरकारले स्वास्थ्य सम्वन्धी बनाएको ऐन बुझनु पर्दछ।

(ट) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नवाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ।

CamScanner

(ठ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पतिंका लागी राज्यबाट सुलभ रुपमा नि शुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक , निदानात्मक , उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(ड) "गैरसरकारी वा निजि स्वास्थ्य संस्था " भन्नाले प्रचलित कानुन बमोजिम स्विकृति लिई गैरसरकारी वा निजि क्षेत्रको लगानी तथा स्वामित्वमा सन्चालन भएका स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ढ) "जोखिमयुक्त क्षेत्र " भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रसायनिक, भौतिक तथा जलवायु परिर्वतन जन्य, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य उपचारका बेला स्वास्थ्यकर्मीहरुलाई हुने सम्भाव्य जोखिम समेतलाई जनाउनेछ ।

(ण) "तोकिएको " वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) "परम्परागत उपचार प्रदायक " भन्नाले परम्परागत रुपमा जडिबुटि , जान्तव र खनिजबाट उपचार प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ ।

(थ) "शाखा" भन्नाले दुल्लू नगरपालिकाको स्वास्थ्य बिषय हेर्ने शाखा सम्झनु पर्छ ।

(द) " सेवाग्राही " भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(ध) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र समुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(न) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(प) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा , योग, अकुपन्चर सोवारिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक , प्रवर्द्धनात्मक , निदानात्मक , उपचारात्मक , पुनर्स्थापनात्मक र प्रशामक ( पालिएटिभ) सेवा सम्झनु पर्छ ।

(फ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी वा निजि वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(ब) "पत्रु खाना" (जंक फुड) भन्नाले फ्याट, चिनि, अजिनामोटो र अत्याधिक रङ वा नुनको अत्याधिक मात्रामा भएको प्रशोधित तयारी खाद्य सामग्री बुझिनेछ ।

(भ) "जनस्वास्थ्य निरिक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागी तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(म) "सुरक्षित मातृ तथा शिशु सेवा" कुनै पनि महिला गर्भवति भएको जानकारी प्राप्त भएपछि सुत्केरी भएको छ हप्ता र बच्चा जन्मेको एक वर्ष सम्मको अवधिमा दिइने सेवालाइ सुरक्षित मातृत्व तथा शिशु सेवा बुझिनेछ ।

(य) "पूर्ण खोप सेवा" भन्नाले नेपाल सरकारको प्रोटोकल अनुसार दिईने खोपलाई नै पूर्ण खोप सेवा बुझिनेछ ।

(र) "आमा समुह" भन्नाले सम्बन्धीत स्थानीय वडामा रहेका बिबाहित महिलाहरुको समुहलाइ आमा समुह भन्ने बुझिनेछ ।

CS CamScanner

(ल) "गाऊँघर क्लिनिक सेवा" भन्नाले सम्बन्धीत स्थानीय वडाका निश्चित पायक पर्ने स्थानहरुबाट दिइने परिवार नियोजनका साधन वितरण, मातृशिशु स्याहार र पोषण वृद्धि अनुगमन सेवालाइ गाऊँघर क्लिनिक सेवा भन्ने बुझिने छ।

## परिच्छेद २
### स्वास्थ्य सेवा प्रवाहको व्यवस्था

३) आधारभूत स्वास्थ्य सेवा:

(१) दुल्लू नगरपालिकाका प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गत तोकिए बमोजिम आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्रदान गरिनेछ:

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवति, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा

(ग) सरुवा रोग सम्बन्धि सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्वन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धि सेवा

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) सघीय सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा,

(ट) प्रदेश सरकारले राजपत्रमा सुचना जारी गरी कर्णाली प्रदेशका लागि तोकेका अन्य स्वास्थ्य सेवा।

(थ) दुल्लू नगरपालिकाले स्थानिय राजपत्रमा सुचना जारी गरी नगरपालिकाको लागि तोकेका अन्य स्वास्थ्य सेवा

(द) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण,

(ध) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा दुल्लू नगरपालिकाले थप गर्न सक्नेछ। थप गरिएका सेवाहरुको हकमा आर्थिक भार दुल्लू नगरपालिकाले ब्यहोर्नु पर्नेछ।

(न) नगरपालिकाभित्र आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारको संगठनात्मक संरचना रहने छन्।

(प) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, भौगोलिक अवस्था आदी कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन।

(ब) आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु: स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवाप्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन्।

(क) सरकारी वा सामुदायिक सरकारी तथा सामुदायिक स्वामित्वमा संचालनमा भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, क्लिनिक, आयूर्वेद योग प्रणायम केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ख) निजी: निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ: ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

CamScanner

स्वास्थ्य सेवा प्रदायकसंस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरेबमोजिम हुने छ ।

(४) विशेषज्ञ स्वास्थ्य सेवा:

(१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतीका आधारमा दुल्लू नगरपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवाको व्यवस्थापन गर्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा नगरपालिकासँग स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

(५) आकस्मिक उपचार सेवा:

(१) नगरपालिका भित्र संघीय सरकार र प्रदेश सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि समन्वय गर्नुपर्नेछ ।

(६) प्रेषण सेवा:

(१) नगरपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्दछ ।

(३) प्रेषण सम्वन्धि अन्य सेवा र सुविधा मन्त्रालय र प्रदेशबाट व्यवस्था गरे अनुसार हुनेछ ।

## परिच्छेद ३
## आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्था

(७) कोषको स्थापना :

(१) दुल्लू नगरपालिकाले नगरपालिकाका भित्रका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन एक कोषको व्यवस्था गरिने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको आकस्मिक स्वास्थ्य सेवा कोषको संचालन तथा ब्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

CS CamScanner

## परिच्छेद ४

### स्वास्थ्य संरचना सम्बन्धि व्यवस्था

(८) स्वास्थ्य प्रणाली:

(१) संबिधान प्रदत्त जनताको स्वास्थ्य अधिकारलाई व्यवहारमा उपलब्ध गराउन दुल्लू नगरपालिका भित्र प्रत्येक वडामा तोकीएको सेवा प्रदान गर्न १/१ वटा स्वास्थ्य सस्था रहनेछ । जनसंख्या र भौगोलिक अवस्था अनुसार नगरपालिकाले स्वास्थ्य संस्थाहरु थप गर्नसक्नेछ ।

(२) दुल्लू नगरपालिकाले आफ्नो मापदण्ड बनाएर निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासंग स्वास्थ्य सेवा प्रदान गर्ने गरि सहकार्य गर्न सक्नेछ ।

(३) दुल्लू नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट तोकिएको कार्यालय समय अवधीभित्र आधारभुत स्वास्थ्य सेवा लगायत अन्य स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेछ ।

(४) प्रत्येक स्वास्थ्य संस्थामा तोकिए बमोजिमका स्वास्थ्यकर्मी, औषधी उपकरण लगायतका बन्दोबस्ती दुरुस्त हालतमा रहनुपर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाबाट प्रवाह गरिने स्वास्थ्य सेवा लैङ्गीक समानता एवं सामाजिक समावेशीकरण सम्वेदनशिल बनाउनुपर्नेछ ।

(९) मानव श्रोत व्यवस्थापन:

(१) नगरपालिकामा संघीय निजामती सेवा ऐन वा प्रदेश निजामती सेवा ऐनमा उल्लेख भए अनुसारको मानव स्रोत संसाधन रहनेछ । निजहरुको सेवा, समूह, उपसमूह सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) दुल्लू नगरपालिकाले स्वास्थ्य क्षेत्रमा मानव श्रोत बिकास वितरण तथा उपभोग गर्न रणनिति र मापदण्ड बनाई लागु गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम रणनिति र मापदण्ड तयार गर्दा नगरपालिकाको भौगोलीक अवस्था, सेवा प्रवाहको सुनिश्चीतता र स्थानिय आवश्यकतालाई नक्साङ्न र विश्लेषण गरि तत्कालिन र दीर्घकालीन गरि दुई चरणको जनशक्ति प्रयोजनको आधारलाई बिचार पुर्याइने छ ।

(४) नगरपालिकास्तरमा परिचालन हुने मानवश्रोतको व्यवस्थापन नगरपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ ।

(५) नगरपालिकाले नगरपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्ति र स्वास्थ्य संस्थाको सेवाको मात्रा तथा गुणस्तर समेतको वैज्ञानिक स्तरमान प्रणालीका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्वास्थ्यकर्मी, स्वास्थ्यसेवक, प्रतिष्ठानलाई पुरस्कृत गर्नेछ ।

११. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार:

(१) दुल्लू नगरपालिका भित्र रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रवाहको व्यवस्थापन र अनुगमन गर्न स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ ।

(क) नगरपालिकाको नगर प्रमुख - संरक्षक
(ख) स्वास्थ्य सस्था रहेको सम्वन्धित वाडको अध्यक्ष - अध्यक्ष
(ग) महिला सदस्य मध्येबाट वार्ड समितिले तोकेको एक जना महिला सदस्य - उपाध्यक्ष
(घ) स्वास्थ्य स्वयंसेविका मध्येबाट १ जना -सदस्य

CS CamScanner

(ङ) स्वास्थ्य संस्था रहेको विद्यालयबाट एक जना महिला शिक्षिका -सदस्य
(च) सम्वन्धित वाडमा रहेका उद्योग तथा व्यापारीहरु मध्ये बाट एक जना -सदस्य
(छ) सम्वन्धित वार्ड सचिव -सदस्य
(ज) सम्वन्धि स्वास्थ्य संस्थाको प्रमुख १ जना -सदस्य सचिव

समितिले आवश्यक देखेमा स्थानिय समाजसेवि, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।
(क) आफ्नो कार्य क्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।
(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थासञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।
(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।
(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।
(ज) नगरकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाहदिने ।
(झ) कर्मचारी सरुवा वढुवा वृद्धि, विकास सम्वन्धि विभिन्न प्रकारका कार्यहरु संञ्चालन गर्ने
(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार
दुल्लू नगरपालिका भित्रका स्वास्थ्य चौकि,शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, नगर भित्र संञ्चालित अन्य क्लिनिकहरु व्यवस्थापनका लागि तोकिए बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुटाछुटै स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. वैंक खाता संचालनः हरेक स्वास्थ्य संस्थाको आर्थिक कारोबार अनिवार्य वैंक मार्फत हुनेछ ।
(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ (२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५
## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा

१। यस नगरपालिकाले परम्परागत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्नेछ
१.१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा अन्तर्गत नेपाल सरकारले तोकेको सेवाहरु उपलब्ध हुनेछन् ।

CS CamScanner

१.२) वैकल्पिक चिकित्सा सेवा अन्तर्गत दिइने सेवाहरु आयुर्वेद सेवा मार्फत दिइनेछ ।
१.३) नगर स्वास्थ्य तथा सरसफाइ स्वास्थ्य समिति अन्तर्गत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सञ्चालन तथा व्यवस्थापन उपसमिति रहनेछ ।

१.४ समितिको गठन तपशिल बमोजिम हुनेछ
अध्यक्ष : नगरको सामाजिक समितिको संयोजक
सदस्य : सम्बन्धित वडाको वडा अध्यक्ष
सदस्य : नगर कार्यपालिका बाट मनोनित विषय विज्ञ
सदस्य : नगर स्वास्थ्य शाखा प्रमुख
सदस्य सचिव : आयुर्वेद तथा वैकल्पिक चिकित्सा उपशाखा प्रमुख

१.५) समितिको काम कर्तव्य र अधिकार:
क) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने
ख) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाका लागि वार्षिक तथा आवधिक योजना तर्जुमा गर्ने
ग) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विकासको लागि विभिन्न संघ संस्थासँग समन्वय तथा सहकार्य गर्ने
घ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाका साथै जडिबुटीको सम्भाव्यता अध्ययन , प्रशोधन, औषधी निर्माण तथा विकासको लागि आवश्यक कार्य गर्ने ।
ङ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा अन्तर्गत सञ्चालित कार्यक्रमहरु अनुगमन मुल्यांकन गर्ने ।

१.६) योग शिक्षा सम्बन्धी चेतनामुलक कार्यक्रम गर्ने ।
१.७) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाका अन्य कार्यहरु गर्ने

## परिच्छेदः ६
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

(१) नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्या अनुपात र भुगोलको आधारमामा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई नगर स्वास्थ्य केन्द संचालन गर्नुपर्नेछ :

क) **जनशक्तिः** स्वास्थ्य सहायक (हे.अ./सि.अ.हे.ब.) १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सेवाको प्रकृती र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा विस्तार गर्न प्राविधिक कर्मचारी सेवा करारमा परिच्छेद ४ को दफा ९ बमोजिम हुनेछ ।
ख) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन
ग) **उपकरणः** प्राथमिक उपचारका आधारभूत उपकरण ।

## परिच्छेद– ७

### निजी र गैर सरकारी स्वास्थ्य संस्था सम्बन्धि व्यवस्था

(१) नगरपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती नगरपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पतालको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगरकार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगरकार्यपालिकाले तोकियको समय भित्र मापदण्ड पुरा गर्न र यस्ता अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गरिनेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) केन्द्रिय सरकार तथा प्रदेश सरकार तथा दुल्लू नगरपालिकाले तोकिएको मापदण्ड पूरा गरेको हुनेछ ।

(७) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्ने छ ।

(८) अस्पताल, पोलि क्लिनिक, प्राईभेट क्लिनीक विशिष्टिकृत सेवा(कान, आँखा, दाँत) क्लिनीक, थेरापि, योग सेन्टर, मेडिकल हल, मेडिकल जन्य सामाग्री तथा उपकरण, औषधी थोक बिक्रेतालाई संञ्चालन अनुमति प्रदान गर्न सक्नेछ ।

(१०) अस्पताल संचालन गर्न आवश्यक मापदण्ड: नगरपालिकाको स्वीकृतीमा संचालन हुने १५ बेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति: कम्तिमा २ जना एमबिबिएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठा: दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याबिन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ

(३) उपकरण र पूर्वाधार: सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनका प्रणाली भएको हुनुपर्ने ।

११. पोलि क्लिनिक संचालनको अनुमती:

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालन: व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र प्रयोगशाला

CamScanner

(२) ल्याबोरेटोरी संचालन गर्ने प्रमाणित स्थान भएको कागजात
(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ बर्ष अध्ययन गरेको व्यक्तिका प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र
(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार
(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

१३. फारमेसी संचालनको अनुमती:
(१) नगरपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिका बाट अनुमती लिनु पर्नेछ ।
(२) औषधि व्यवस्था विभागबाट ओरिएन्टेशन कोष प्राप्त तथा आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, बिक्रि वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।
(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।
(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।
(५) थेरापि संञ्चालन गर्नको लागी न्यूनतम योग्यता भएका व्यक्तिलाई प्रक्रिया पुरा गरी सञ्चालन अनुमति प्रदान गर्न सकिने छ ।

१४. मापदण्ड पुरा नगरकोमा हुने सजाय :
(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाईएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागी नगरपालिकामा सिफारिश गर्न सक्नेछ ।
(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सो को आम जनतालाई जानकारी गराईनेछ ।
(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने छ ।

१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने:
(१) निजीलगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

१६. संघ र प्रदेश सरकारको मापदण्ड बमोजिम तोकिएका निश्चित वर्गहरुलाई सहुलियत प्रदान गर्नु पर्नेछ ।

१७. माथी उल्लेखीत संस्थाहरुको उल्लेखित समितिले बर्षको कम्तिमा १ पटक अनुगमन तथा सुपरिवेंक्षण गर्नु पर्नेछ ।

CS CamScanner

## परिच्छेद– ८
### स्वास्थ्य सेवाको पहुँच र गुणस्तर

(१०) स्वास्थ्य सेवाको पहुँच:

(१) प्रत्येक नरायण नगरपालिका वासीलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने हक हुनेछ।

(२) नगरपालिकावासीमा (विशेष गरि भौगोलिक तथा अन्य हिसावले पछाडि परेका स्थान, वर्ग) आधारभूत स्वास्थ्य सेवाका पहुँच सुनिश्चित गर्न नगरपालिकाले त्यस्ता क्षेत्र पहिचान गर्ने र उपयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने संस्था वा व्यक्तिको व्यवस्था गर्नुपर्नेछ।

(३) स्वास्थ्य संस्थाहरुमा भौतिक पुर्वधारहरु अपाङ्गता मैत्रि बनाई अपाङ्गता भएका व्यक्तिहरुका स्वास्थ्य सेवामा पहुँच सुनिश्चिता गर्नेछ।

(४) दुल्लू नगरपालिकाको स्वास्थ्य सूचकहरुको आधारमा स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चिता गर्नको लागि स्वास्थ्य सुचकहरु कमजोर रहेका क्षेत्रहरु स्वास्थ्य सेवा पहुँच विस्तार गरीनेछ।

(५) नगरपालिकामा रहेका स्वास्थ्य संस्था तथा अनुसन्धान प्रतिष्ठानले आफ्नो संस्थागत योजनामा प्राथमिक उपचार, प्रसूति केन्द्र र आपत्तकालीन सेवालाई २४ सै घण्टा चालु अवस्थामा राख्नुपर्नेछ।

(६) सामाजिक स्वास्थ्य बिमामा दुल्लू नगरका नागरिकको पहुंच एवं उपभोग सुनिश्चीत गर्न मन्त्रालयले कार्यक्रमगराई लागु गर्नेछ।

(११) महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकार:

१) दुल्लू नगरपालिकाका महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार संरक्षण गर्न दुल्लू नगरपालिका प्रतिबद्ध हुदै नेपाल सरकारबाट मिति २०७५/६/२ मा प्रमाणीकरण भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लाई पालना-गर्ने गराउने पर्ने छ।

(२) दुल्लू नगरपालिका भित्र हुने महिला हिंसा, लैङ्गिक विभेद र छाउपडी तथा अन्य सामाजिक, साँस्कृतिक बाधा अवरोध र महिला, बालबालिका तथा आम जनताको स्वास्थ्यमा पर्ने प्रतिकुल असरलाई कम गर्न नगरपालिकाले वहुपक्षिय समन्वयमा छुट्टै रणनीति बनाइ कार्यान्वयन गर्नुपर्नेछ।

(१२) गुणस्तरिय स्वास्थ्य सेवा:

(१) दुल्लू नगरपालिकाले नगरपालिका वासीलाई तोकिएका स्वास्थ्य संस्था तथा स्थानबाट गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ।

(२) नगरपालिकाले उपलब्ध श्रोत साधनको आधारमा नगरपालिका वासीलाई स्वास्थ्य सेवा प्रदान गर्न देहायका कार्य गर्ने छ।

(क) स्वास्थ्य संस्थाहरुको गुणस्तर मापदण्ड (संघिय सरकार। प्रदेश सरकारले तोकिए बमोजिम) तयार गर्ने

(ख) स्वास्थ्य सेवा पहुचको अवस्था विश्लेषण गरि पहुच नपुगेका क्षेत्रहरुमा समतामुलक तवरबाट सेवा उपलब्ध गराउने

(ग) गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा निरन्तरता दिन कुनैपनि स्वास्थ्य संस्थामा दरवन्दी अनुसार कर्मचारीहरुको अभाव हुन नदिने।

CamScanner

(घ) नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुले तोहिए बमोजिमको संक्रमण रोकथाम विधि अपनाउनु पर्ने छ ।

१३) स्वास्थ्य संस्था बाहिरबाट र नगरपालिका बाहिरबाट प्रदान गरिने सेवा:

(१) कुनै पनि स्वास्थ्य संस्था तथा इजाजत प्राप्त व्यक्तिले घरघरबाट सेवा प्रदान गर्न नगरपालिकाको स्वीकृती र मापदण्ड अनिवार्य लिनुपर्ने छ यसरी दिएको सेवाको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा दिनु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(२) नगरपालिकाले स्वास्थ्य सुचना प्रभावकारी रुपमा प्रवाह गर्न विद्यालय स्वास्थ्य कार्यक्रम तय गरि लागु गनुपर्ने छ । नगरपालिकाले गर्ने बिघालय स्वास्थ्य कार्यक्रमको ढांचा नगरपालिकाले तोके अनुसार हुनेछ ।

(३) घुम्ती स्वास्थ्य शिविर: कुनैपनि स्वास्थ्य संस्थाले घुम्ती शिविर सञ्चालन गर्न नगरपालिका वा तोकिएको निकायबाट स्वीकृत लिनुपर्नेछ । जसका लागी नगरपालिकाले मापदण्ड बनाई लागुगर्नु पर्नेछ ।

(४) वीमाकार्यक्रम अनुसार राज्यले दिने सुबिधा नगरपालिका भित्र सम्भव नभई बाहिर जानु परेमा बिमाको निती नियम अनुसार हुनेछ ।

(५) नगरपालिका भित्र उपचार सम्भव नभएमा दुल्लू नगरपालिकाले निर्णय गरी बाहिर पठाउन पर्ने भएमा नगरपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ ।

(६) नेपाल बाहिर अन्यत्र गई स्वास्थ्य सेवा लिने भएमा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ ।

## परिच्छेद– ९
## स्वास्थ्य सेवाको बित्तीय व्यवस्थापन

(१५) स्वास्थ्य सेवाको लागि बित्त व्यवस्थापन:

(१) यस ऐनमा उल्लेखित सबै प्रकारका स्वास्थ्य सेवा प्रवाह गर्न दुल्लू नगरपालिकाले कुल वार्षिक बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य सेवामा छुट्याउनु पर्नेछ । यस्तो बजेट बार्षिक रुपमा वृद्धि गर्दै लैजानुपर्नेछ ।

(२) नेपाल सरकारद्धारा कार्यान्वयनमा रहेको स्वास्थ्य बिमामा दुल्लू नगरपालिकाका सबै नागरिकलाई आवद्ध गराइनेछ । आर्थिक अभावका कारण बिमामा आवद्ध हुन नसक्ने अति बिपन्न तथा पछाडि परेका वर्गलाई दुल्लू नगरपालिकाले संघीय, प्रदेश सरकारसँगको सहकार्यमा नि:शुल्क बिमा गराउने व्यवस्था गर्नुपर्नेछ ।

(३) कामदारको स्वास्थ्य सुरक्षा: दुल्लू नगरपालिका भित्र संचालन हुने होटल, उद्योग धन्दा, कलकारखानाका कर्मचारीको स्वास्थ्य सुरक्षाको लागि रोजगारदाताले प्रचलित स्वास्थ्य बिमा गराउनुपर्नेछ ।

(४) उपदफा (५) बमोजिम भए नभएको अनुगमन गर्न उद्योग कलकारखाना वा अन्य व्यवसाय स्वीकृत दिने बिभाग वा मन्त्रालयसंगको सहकार्यमा गर्नुपर्नेछ ।

(५) नगरपालिका भित्र रहेका लक्षित वर्ग, महिला, बालबालिका, असहाय, अति बिपन्न तथा संघीय, प्रदेश र दुल्लू नगरपालिकाले तोकेका अन्य लक्षित समुहलाई बिशेष सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्था तोकिए बमोजिम मिलाउनुपर्नेछ ।

CS CamScanner

## परिच्छेद १०
## स्वास्थ्य सेवा प्रवाहमा सुशासन

(१६) स्वास्थ्य सेवा प्रवाहमा सुशासन:

(१) दुल्लू नगरपालिका भित्र प्रत्येक सरकारी स्वास्थ्य सेवामा सुशासन कायम गरि जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य संस्थाहरुमा एक व्यवस्थापन समिति रहनेछ ।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुले स्थानीय श्रोत साधन समेत परिचालन गरि सेवालाई गुणस्तरीय बनाउन र समतामुलक हिसाबले सेवा प्रवाह गर्न स्वास्थ्य संस्थालाई परिचालन गर्नुपर्नेछ ।

(३) नगरपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाहरुले आफूले बर्षभरी प्रदान गरेको स्वास्थ्य सेवाको सामाजिक लेखा परिक्षण गराउनुपर्नेछ ।

(४) नगरपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न बहुपक्षीय समन्वय गरि छुट्टै व्यवस्था गर्नुपर्नेछ । यस्तो कार्य गर्दा स्थानीय तहको अगुवाई र सहकार्य सुनिश्चित गर्नुपर्नेछ ।

(१७) स्वास्थ्य संस्था तथा सेवा प्रदायकको कर्तव्य:

(१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सुचना प्रवाह गर्नुपर्नेछ ।

(२) सुचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य बिभिन्न संचार माध्यमद्धारा जनतासम्म प्रवाह गर्नुपर्नेछ ।

(३) स्वास्थ्य सेवामा गरिब र पछाडी परेका बर्गको पहुँच स्थापीत गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनासो व्यवस्थापन गर्ने कार्यविधी समेत उल्लेख गरि सुचना प्रवाह गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा उपचार लगायतका सुचनाहरु गोप्य राख्नुपर्नेछ । यस्ता सूचना सार्वजनिक गर्नुपरेमा प्रचलित कानुनको अधिनमा रहेर मात्र गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने र रोक्ने तर्फ तोकिएको सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ ।

(६) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले स्वास्थ्य उपचार गर्दा सबैलाई सम्मान र आदर व्यवहार गर्नुपर्नेछ । कसैलाई नीजको उत्पत्ति, धर्म, बर्ग, जातजाती, लिङ्ग, पेशा, भौतिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, वैवाहिक स्थिती, गर्भावस्था, बैचारीक आस्था वा यस्तै अन्य कुनै आधारमा स्वास्थ्य उपचारमा भेदभाव गर्नु गराउनु हुँदैन । तर बिरामीको स्वास्थ्य स्थितिको गम्भिरताको आधारमा स्वास्थ्य संस्थाले उपचार अगाडी पछाडी गर्न भने सक्नेछ ।

(७) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुले सम्बन्धित परिषद तथा निजामति सेवा नियमावली अनुसारको पेशागत आचरण पालना गर्नुपर्नेछ ।

(८) स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था, रोगको निदान प्रकृया, उपचार विधि र प्रकृया, उपचार बिकल्प र उपचार गर्नलाग्ने अनुमानित खर्च तथा सम्भावित परिणाम र उपचार नगराए उत्पन्न हुने सम्भावित जोखिम समेतका बारेमा बिरामीले बुझ्ने गरि जानकारी गराउनुपर्नेछ ।

(९) माथि जेसुकै लेखिएको भएतापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सुचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा नीजको परिवारको उमेर पुगेको सदस्यलाई दिनुपर्नेछ ।

CamScanner

(१८) सेवाग्राहीको कर्तव्य:

(१) स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसंग सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने (खानपीन, योग तथा शारीरिक व्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थाबाट दिइने सेवा लिने र संस्थाको नियम पालना गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानुन नेपाल सरकार, प्रादेशिक सरकार तथा नगरपालिकाले समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रममा समावेस हुनु प्रत्येक दुल्लू नगरपालिकाबासीको कर्तव्य हुनेछ ।

(ग) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचारमा स्वास्थ्यकर्मीलाई सघाउने

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मीप्रति कुनैपनि किसिमको हिंसा नगर्ने, आवश्यकता अनुसार उपचार सहमती फाराम (मन्जुरीनामा) मा हस्ताक्षर गर्ने ।

ङ) स्वास्थ्य संस्थाले प्रेषण गरेको संस्थामा गई सेवा लिने ।

## परिच्छेद ११

## स्वास्थ्य अनुसन्धान, सुचना व्यवस्थापन, अनुगमन, मुल्याङ्कन

(१९) स्वास्थ्य अनुसन्धान:

(१) दुल्लू नगरपालिकाले स्वास्थ्य सेवासंग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, खोजको व्यवस्था गर्न सक्नेछ ।

(२) नगरपालिकाले नगर भित्र उपलब्ध औषधी जन्य जडीबुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण विकास, उपभोग गर्न बहुपक्षीय सहकार्य (स्थानीय तह, निजिक्षेत्र तथा अन्य मन्त्रालयसँग) गर्न छुट्टै मापदण्ड बनाई कार्य गर्नेछ ।

(२०) सुचना व्यवस्थापन:

(१) स्वास्थ्य सेवा सुचना व्यवस्थापन तथा आपूर्ति व्यवस्थापन सुचना प्रणालीलाई अन्य स्थानिय तह सगँको सहकार्यमा व्यवस्थित गर्नु पर्नेछ र सो को आधारमा प्रत्येक बर्ष स्वास्थ्य क्षेत्रको वार्षिक रिपोर्ट तयार गर्नुपर्नेछ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिबेदन तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको दायीत्व हुनेछ ।

(२१) अनुगमन, मुल्याङ्कन:

(१) नगरपालिका मातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा नगरपालिकाले स्वीकृती प्रदान गरेका निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको मापदण्ड अनुसार सेवा प्रदान र सर्त पूरा गरे नगरेको सम्बन्धमा दुल्लू नगरपालिका आफै वा अन्य निकायमार्फत नियमन , निरिक्षण अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

CS CamScanner

(२) उपदफा (१) बमोजिम गरिएको निरिक्षण अनुगमनबाट प्राप्त नतिजामा उल्लेखित मापदण्ड पालाना गरेको नदेखिएमा त्यस्ता स्वास्थ्य संस्थाको नविकरण रोक्ने तथा सञ्चालन समेत बन्द गर्न सकिने छ ।

(३) नगरपालिकाबाट स्वीकृत प्राप्त निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको नियमन, अनुगमन तथा मुल्याङ्न दुल्लू नगरपालिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेद १२
## औषधी, उपकरण, स्वास्थ्य पूर्वाधार

(२२) औषधीको व्यवस्था:

(१) दुल्लू नगरपालिका अन्तरगर्तका सम्पुण स्वास्थ्य संस्थाले आफ्नै छुटै फार्मेसी सन्चालन गरी सेवाग्राहीलाई सुफत मुल्यमा औषधीको उपलब्ध गराउन पर्नेछ ।

(२) दुल्लू नगरपालिका भित्रका स्वास्थ्य संस्थाको हकमा भने दुल्लू नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) दुल्लू नगरपालिकामा खपत हुने औषधीको मुल्य नेपाल सरकारले निधारण गरे बमोजिम हुनेछ ।

(४) औषधी बिक्रिकर्ताले आफुले बिक्रि गरेको औषधीको बिल अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(५) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२३) उपकरणको व्यवस्था:

(१) दुल्लू नगरपालिका भित्रका स्वास्थ्य संस्थामा संघिय सरकार, प्रदेश सरकारको मापदण्ड अनुसारका उपकरणको व्यवस्था हुनु पर्नेछ र यस्ता उपकरणको खरिद गर्दा सघीय सरकार र प्रदेश सरकारको मापदण्डलाई मात्र आधार बनाइनेछ ।

(२) नगरपालिकाले स्वास्थ्य उपकरणको मंमत सम्भार गर्ने छुटै व्यवस्था गरि लागु गर्नु पर्नेछ ।

(२४) स्वास्थ्य पुर्वाधार :

(१) नगरपालिकाले संघिय सरकार तथा प्रदेश सरकारसगँको समन्वयमा स्वास्थ्य भौतिक पूर्वाधारको वर्तमान अवस्था लेखाजोखा गर्नु पर्नेछ ।

(२) बिगतका सम्झौता भै निमार्ण कार्य सम्पन्न हुन नसकेका भौतिक संरचनालाई नियमानुसार समय मै निमाण गर्नु पर्नेछ ।

(३) नगरपालिकाले नगरभित्र मर्मत तथा निर्माण गर्नुपर्ने भौतिक पुवाधार्रलाई संघिय र प्रदेश सरकारसंग समन्वय गरि ५ बर्षे योजना बनाई लागु गर्नु पर्नेछ ।

(४) नयाँ निर्माण हुने भौतिक संरचनाहरु अपाङ्ग र जेष्ठ नागरिक मैत्रि हुन पर्ने छ र वर्तमान सरंचनालाई पनि सेवाग्राही मैत्रि बनाउने व्यवस्था नगरपालिकाले गर्नु पर्नेछ ।

(५) नगरपालिकाले प्रत्येक स्वास्थ्य संस्थाबाट निस्कने स्वास्थ्य जन्य फोहोर मैला व्यवस्थापन गर्न संघिय, प्रदेश सरकारको मापदण्ड लाई पालना गनु गराउनु पर्नेछ र सर्त अनुसारका अस्पतालमा वेष्ट केयर म्यानिजमेन्टको अवधारणा लागु गर्नु पर्नेछ ।

(६) प्रत्येक स्वास्थ्य संस्थामा अन्य संघसस्थासगँको सहकार्यमा मापदण्ड अनुसार रक्तसन्चार केन्द् संचालन गर्नु पर्नेछ ।

CS CamScanner

## परिच्छेद १३

## जनस्वास्थ्यको संरक्षण, सम्बर्द्धन र वातावरणीय व्यवस्था

(२५) जनस्वास्थ्यको सरक्षण, सम्बर्द्धन

(१) नगरपालिका भित्र खाद्यान्न, मासु, पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा संघीय सरकार र प्रदेश सरकारले तोकेको र प्रचलित कानुनलाई आधार मानी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) दुल्लू नगरपालिका भित्र मदीरा, चुरोट, सुर्तीजन्य वस्तु लगायतका मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने कुनैपनि बिज्ञापन सामाग्रीको उत्पादन, बितरण, प्रचार प्रसार तथा होर्डीङ बोर्ड राख्न पाईने छैन ।

(३) दुल्लू नगरपालिका भित्र ध्वनी, वायू तथा जल प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनिकरण गर्नका लागि संघीय कानुन, प्रदेश सरकारले तोकको मापदण्ड अनुसार हुनेछ ।

(४) वातावरणीय प्रदुषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकुल प्रभाव नियन्त्रणका लागि संघीय सरकार, प्रदेश सरकारको मापदण्डलाई नै लागु गरिनेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुसार जोखिम रहित र जोखिमयुक्त फोहोरहरुलाई छुट्ट्याएर गरे नगरेको दफा २१ अनुसार हुन अनुगमन प्रणालीमा सामेल गर्नुपर्नेछ ।

(६) दुल्लू नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सेवाग्राहीका लागि महिला र पुरुष छुट्टाछुट्टै शौचालय व्यवस्थाको लागि प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ ।

## परिच्छेदः १४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

(२६). स्वास्थ्यकर्मीको व्यवस्थापनः नगरपालिकाभित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ५ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

(१) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिकामार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्य कर्मीहरु,

(३) **स्वयंसेवकः** स्वदेशि, विदेशि, योजना आयोग र संघसंस्थाबाट नियुक्ति पाएका

(४) **अभ्यासकर्ताः** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(५) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

(२७) अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यबस्थाः स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरले पुरुष स्वस्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त तोके बमोजिम हुनेछ ।

(२८) स्वास्थ्यकर्मीको सेवा सुविधाः

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सररकारले तोकेका स्केल बमोजिम तलब र दुल्लू नगरको कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा हुने छ ।

CS CamScanner

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।
(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहको स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केल उपलब्ध गराउन सक्नेछ ।
(४) अभियानकर्ता स्वयंसेविका: पोशाक, बार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्वन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(२९) स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति: सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगरकार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने् छन । साथै न.पा.को निर्णय बमोजिम आवश्यकता अनुसार स्थायी स्वास्थ्यकर्मिहरुलाई कामकाजमा खटाउन सकिनेछ । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्य कर्मि नियुक्ति गर्न सक्ने छ ।
(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था तोके बमोजिम रहने छ ।

## परिच्छेद– १५
## कसुर र सजाय

(३०) कसुर :
(१) तोकिए बमोजिम इजाजत प्रत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा
(२) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा
(३) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्य सेवा तथा उपलब्ध आकस्मिक सेवा प्रदान गर्न इन्कार गरेमा
(४) ऐनमा उल्लेख भए बमोजिम सहमती नलिई उपचार गर्ने, सेवा ग्राहीलाई समान व्यवहार नगर्ने र गोपनियता कायम नराखेमा
(५) स्वास्थ्य कर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सुचना दिएको तथा अर्को व्यक्तिलाई बहाना गरेमा
(६) यस ऐन तथा अन्तरगर्त बनेका मापदण्ड, निर्देशिका, नियम, कार्यबिधिको पालना नगरेमा
(७) बिना इजाजत औषधीजन्य जडीवुटीको किनबेच ओसार पसार र अनधिकृत रुपमा उपचारमा तिनको प्रयोग गरेमा
(८) म्याद सकिएका औषधीहरु, खाध्य तथा पेय पदार्थ बिक्रि वितरण गरेमा

(३१) सजाय:
(१) दफा (२८) उपदफा (१) अनुसारको कसुर गरेमा सघिय सरकार को कानुन अनुसार सजायँ हुनेछ ।

(२) दफा (२८) उपदफा (२), (३) र (५) अनुसारको कसुर गरेमा ५० हजार देखि १ लाख रुपैया सम्म जरिवाना हुनेछ ।

(३) दफा (२८) उपदफा (४) र (७) अनुसारको कसुर गरेमा ५० हजार देखि १ लाख रुपैया सम्म जरिवाना हुनेछ ।

(४) दफा (२८) उपदफा (६) अनुसारको कसुर गरेमा २५ देखि ५० हजार सम्म जरिवाना हुनेछ ।

(५) दफा (२८) उपदफा (८) र (९) अनुसारको कसुर गरेमा १ लाख देखि २ लाख सम्म जरिवाना र १ वर्ष कैद हुनेछ ।

(६) प्रचलित कानुन अनुसार हुने: यी दफा अनुसार सजायं हुने कार्यलाई नेपालको प्रचलित कानुनले छुटै सजाय हुने व्यवस्था गरेको रहेछ भने सो सजाय समेत थप हुनेछ ।

(३२) मुद्दा सरकारवादी हुने:

यस ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ ।

(३३) मुद्दा हेर्ने अधिकारी

यस ऐन अन्तर्गतको मुद्दाको सुरु कारवाई र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(३४) पुनरावेदन

यस अनुसार जिल्ला अदालतले गरेको फैसला चित्त नबुझेमा नियमानुसार सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्नसक्नेछ ।

(३५) नियम बनाउने अधिकार

यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक निर्देशिका, नियमहरू, मापदण्ड तथा संरचना बनाउन सक्नेछ ।.

(३४) संघीय र प्रदेश कानुन बमोजिम हुने:

(१) यस ऐनमा समाविष्ट विषयलाई संघीय र प्रदेश कानुनले पनि सम्बोधन गरेको रहेछ भने त्यसरी सम्बोधन भएको हदमा संघीय र प्रदेश कानुन बमोजिम र बाँकी कुरामा यो ऐन बमोजिम हुनेछ ।

सभाबाट स्वीकृत मिति -:२०७६/९/१४

आज्ञाले,

ज्ञानमणी नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner